२०७८।०२।०४
[signature]
सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या :- ९९

बैठक मिति :- २०७८।०२।०४

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा तिब्रदरमा बढी रहेको अवस्थालाई मध्यनजर गर्दै इटहरी उद्योग वाणिज्य संघ समेतले इटहरी १० स्थित पिपुल्स मल्टिपल हेल्थ इन्स्टिच्युट कलेजमा ८० बेडको आईसोलेशन केन्द्र स्थापना तथा संचालनका लागि अनुमति माग गर्नु भएको सम्बन्धमा नेपाल सरकारले तोकेको आईसोलेशन सम्बन्धी स्वास्थ्य मापदण्ड पुरा गरेको भएमा उक्त आइसोलेशन केन्द्र संचालन तथा व्यवस्थापनका लागि इटहरी उपमहानगरपालिकामा सम्झौता गरी सम्झौता बमोजिमको शर्त पालना गर्ने गरी संचालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा इटहरी उपमहानगरपालिका क्षेत्रभित्रमा समेत तिब्रगतिमा फैलिरहेको र नेपाल सरकारबाट अत्यवाश्यक सेवा बाहेकका अन्य सेवाहरु हाललाई स्थगित गर्ने निर्णय भएको भएता पनि अग्रपंतिमा रही खटिने स्वास्थ्य क्षेत्रका कर्मचारी, नगर कार्यपालिकामा कार्यरत कर्मचारी र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता दिने सम्बन्धमा छलफल भयो । यसरी जोखिम क्षेत्रमा काम गर्ने कर्मचारीहरुको संख्या पहिचान गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहित कोभिड १९ को संक्रमण हालका दिनमा इटहरी उपमहानगरपालिका क्षेत्रभित्रमा समेत तिब्रगतिमा फैलिरहेको अवस्थामा इटहरी उपमहानगरपालिकाको वडा नं. ३ को सुनौलो टोल क्षेत्रमा परिक्षण गर्दा कोभिड संक्रमण उच्च रहेको पाईएको हुँदा उक्त टोलको पूर्वमा बुढी खोला, पश्चिममा तालतलैया रोड, उत्तरमा याक्थुङ्ग चोक, दक्षिणमा ४ नं. वडा सिमाना क्षेत्रमा मिति २०७८।०२।०४ गते देखि मिति २०७८।०२।१० गते राती १२:०० बजे सम्म उक्त टोल सिल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिकाबाट विभिन्न मितिमा सम्झौता भई संचालनमा रहेका योजनाहरुको म्याद आगामी मिति २०७८ असाढ १५ गते सम्म थप गर्ने निर्णय गरियो ।